*आइ.एस.एस.एन.: १६८५-४०१२* *भाग २ अंक ३ जुलाई-सेप्टेम्बर २००३*

# स्ट्रिम

**क्षेत्रीय जलचर श्रोतहरुको व्यवस्थापनमा सहयोग**

# स्ट्रिम जर्नल

**माछा मार्नेहरु र कृषकहरुको जीविकोपार्जन पद्दतिमा सिकाई र संचार**

**स्ट्रिमका सहयोगीहरु अष्ट्रेलियन सहयोग, विश्व खाद्य संगठन, नाका र भिएसओ**

## बिषय सूची

नेपालको पोखराका पोडे समुदायको जीविकोपार्जन राम्रो बनाउन मत्स्यपालन

–टेक बहादुर गुरुङ र  जयदेव विष्ट

भियतनामको तटिय श्रोत व्यवस्थापनमा महिला सहभागिता र खान्ह होअ प्रान्तमा जिविकोपार्जन विश्लेषण

नग्योन थु हुए,थान थि हिएन,फाम थि फुओङ होअ,नग्युएन भिट र डाओ भियट लङ

इन्डोनेसियामा तटिय श्रोत व्यवस्थापनमा अन्तरक्रिया र जनताको प्रयासमा सहयोग

टाविथा युलिटा

सामुदायिक मत्स्यपालन अनुगमन र मुल्यांकन प्रणालिको योजना

हेथर आर्ली र हाइको मीलिस

सूचना पहुंच अध्ययनद्धारा सरोकारवालहरु वीचमा प्रभावकारी संचारका लागि आवश्यकता पहिचान र सुझावहरु

इलिजावेथ एम गोन्जालेस, मालेने फेल्सीङ र इरविन एल पाडोर

मत्स्य अध्यादेश कार्यान्वयनको सहयोगमा सूचना,शिक्षा र संचार (आईइसी) रोसास शहर फिलिपिन्समा भएको कार्यशाला गोष्ठी

वेलिन्डा एम ग्यारिडो र इलिजेवेथ एम गोन्जालेस

## टिपोट

हामी एकफेर स्ट्रिम जर्नल १(१) जनवरी–मार्च को टिपोट, जुन यस प्रकार रहेको छ, लाई हेरौं ।

“द्धन्द व्यबस्थापनबाट सिक्ने, सूचना र संचार प्रविधि, जलचर व्यबस्थापन, कानुन बनाउने प्रकृया, जीवन पद्धति, लैङ्गिक अवधारण, सहभागिता, सरोकारवाला, नीति र संचार यिनै कुराहरु समावेश भएका छ वटा शिर्षकका लेखहरुको संगालो नै स्ट्रिमको पहिलो जर्नल हो । यि लेखहरुले स्ट्रिमले सिकाई र संचारको प्रबर्द्धनमा शुरु गरेको मुद्दाहरुबारे प्रकाश पारेका छन् । स्ट्रिम जर्नल विभिन्न सन्दर्भ, मुद्दा र विचारहरुको एक संगालो र लिखित दस्तावेज पनि हो जसले गर्दा अरुले पनि यसलाई ज्ञानको रुपमा ग्रहण गर्न सक्छन् । हाम्रो चाहना केवल आलोचना गर्ने मात्र होइन कि आफ्ना सहयोगीहरुलाई  उपयुक्त आलोचनाको लागि समेट्नु पनि हो“ ।

स्ट्रिमका मुख्य मुख्य विचारहरुले नै स्ट्रिम जर्नल प्रकाशित गर्नुको उद्देश्यहरुलाई प्रकाश पार्दछन् र यो कुरा स्ट्रिम जर्नल २(३) प्रकाशित हुदाँसम्म कायम नै भएको हामी देख्न सक्दछौं । तपाई यो अंक राम्रोसंग पढनु भयो भने पाँचवटा देशमा काम गरिरहेका १४ जना लेखकहरुको ६ वटा लेखहरुमा यो कुरा प्रष्ट रुपमा देख्न सक्नु हुन्छ ।

माथि उल्लेखित पहिलो हरफले स्ट्रिमले कसरी मुद्धाहरुलाई प्रस्तुत गर्दै सिकाई र संचारलाई प्रबर्द्धन गरिरहेछ र विभिन्न विचारहरुलाई प्रस्तुत गर्दै आफना कामहरुकोअभिलेख राख्ने र आफनो चाहनालाई महसुस गर्ने काम  गर्दैछ भन्ने कुरा बुझ्न सकिन्छ । हामी हाम्रा पाठकहरु र अन्य साथीहरुलाई हाम्रो प्रक्रियामा आधारित अनुगमन तथा मुल्यांकन साथै सकरात्मक परिवर्तनका कथा पद्दती कार्यमा आवश्यक सुझाव तथा पृष्ठपोषण गरि सहभागी हुन अनुरोध गर्दछौं । यसका साथै स्ट्रिमका अन्य क्रियाकलापका वारेमा पनि सुझावहरु पठाई सहयोग गरि दिनु हुन अनुरोध गर्दछौं । पाठकहरुको सुझावले हामीलाई धेरै खुशी प्रदान गर्दछ ।

पढने काम सुखद होस !

ग्राम हेलर , स्ट्रिम निर्देशक

विलियम साभेज, स्ट्रिम जर्नल सम्पादक

## नेपालको पोखराका पोडे समुदायको जीविकोपार्जन राम्रो बनाउन मत्स्यपालन

–टेक बहादुर गुरुङ र  जयदेव विष्ट

**समुदाय,**

यो कथा पोखरामा बस्ने करीव ३०० परिवार भएको र हराउंदै गरेका पोडे समुदाय, जसलाई जलारी पनि भनिन्छ, को हो । यिनीहरुको मातृभाषा काठमाडौंका नेवारी समुदायसंग मिल्दो जुल्दो  छ । भनिन्छ यिनीहरु धेरै पहिले काठमाडौं उपत्यकाबाट बसाई सर्दै यहाँ आइ पुगेका हुन् । सन् १९६० सम्म यो समुदायका मानिसहरुसंग जग्गा जमिन,जागीर र आम्दानीको कुनै श्रोत थिएन । यो समुदायको ताल खोलाहरु नदी घोलमा जाल हानेर मारेर खांदै एक ठाउंबाट अर्को ठाउँमा जाने घुमन्ते जीवन थियो । तर उनीहरुले माछा मारेर जीविका चलाउने काम कहिलेबाट शुरु गरे यो भने प्रष्ट छैन । नेपालमा वन र जल क्षेत्र कसैको पनि निजी सम्पत्ती नभएकाले गरीवहरु वन र जल क्षेत्रको उप–उत्पादनहरु संकलन गरेर जिवीका चलाई रहेका छन् तर हाल धेरै जसो वनहरुको संरक्षण र दिगो उपयोगको दायित्व समुदायमा गए पनि जल क्षेत्रमा भने अझै यस्तो कार्य हुन सकेको छैन । पोडेहरुको जिविकोपार्जन माछा मार्ने कामसंग बढी सम्बन्धित भएकाले उनीहरु पोखराका तालहरु र नदीहरुको छेउ छाउमा सामान्य घरमा बस्दछन् ।

**तालमा सहभागितात्मक रुपमा पिंजडामा माछापालन**



सन् १९७० को शुरुतिर फेवा (५२३ हे) वेगनास (३२८ हे) र रुपा (१३५ हे) तालमा बढी माछा मारिनाले पहिले देखि माछा मारेर जीविकोपार्जन गरिरहेका जलारीहरुको निविकोपार्जन श्रोतमा समस्या पैदा भयो । त्यसैलाई दृष्टिगत गरेर फेवा तालको छेउमा सन् १९६२ मा मत्स्य विकास केन्द्र (हाल मत्स्य अनुसन्धान केन्द्र) स्थापना गरियो । यसको उद्देश्य समस्यामा पर्दै गरेका समुदायलाई अनुदानमा पिजडा उपलब्ध गराएर माछा पालन गराई उनीहरुको जिविकोपार्जनलाई राम्रो बनाउनु थियो । तालमा विना दाना माछा भूरा पालेर बजारमा बेच्न योग्य माछा उत्पादन गर्नको लागि ५० घन मिटरका पिंजडामा माछा भूरा छाडियो । पिंजडामा भएका माछाहरु पानीमा पाइने बनस्पतिजन्य र प्राणीजन्य पदार्थ खाएर हुर्कन्थे । विगहेड कार्प र सिल्भर कार्प १ वर्षमा करीव १ के.जी. तौलका हुन्थे । एउटा पिंजडामा पानीको उत्पादकत्व अनुसार २००–३०० के.जी. माछा प्रति वर्ष उत्पादन हुन सक्छ ।

सन् १९७५ देखि १९८० सम्म पिंजडामा माछा पालनलाई विश्व खाद्य संगठन र युएनडिपीले पिंजडाका सामान दिएर र प्राविधिक रुपले सहयोग गरेका थिए ।  पिंजडामा माछा पालनको शुरुवात गर्न स्थानीय कृषि विकास बैंकद्वारा ५००० रुपियां प्रति सदस्य ऋण उपलब्ध गराएर एक एक वटा पिंजडामा माछा पाल्न लगाइको थियो । सबै सदस्यहरु जमिन विहिन भएकाले पिंजडामा माछा पालेर आम्दानी हुन सक्छ भन्ने प्राविधिक जिम्मेवारी चाहीं मत्स्य विकास केन्द्रले लिएको थियो । मत्स्य बजारको व्यबस्था चाहीं मत्स्य उत्पादकहरुको संगठनले लिएको थियो । हाल सबैले पिंजडा मत्स्य पालनको फाइदाबाट नै सबैजसो ऋण तिरी सकेका छन् ।

**आर्थिक गतिविधि, वातावरण अनुकुल मत्स्यपालन र समुदायमा परिवर्तन**



शुरुमा पिंजडामा माछा पालनले थोरै समय मात्र काम उपलब्ध भएको थियो र त्यसबाट समुदायले थोरै मात्र आम्दानी गर्न सकेको थियो । सफलताबाट खुसी भएर यस समुदायका मानिसहरुले आफैले थप पिंजडा राखे तर प्रशस्त मात्रामा माछाका भूरा उपलब्ध हुन नसक्दा माछा उत्पादनमा समस्या पैदा भयो । तर पछि जाइकाको सहयोगमा बेगनास ताल नजिकै मत्स्य अनुसन्धान केन्द्रको मातहतमा मत्स्य ह्याचरी स्थापना भएपछि अहिलेको माछा भुराको माग भने पूरा हुन सकेको छ । हाल आएर राम्रो गर्ने

परिवारसंग १६ वटा सम्म पिंजडा छन् र त्यसबाट ३०००–४००० के.जी. सम्म माछा उत्पादन गरी राम्रै आम्दानी गरेका छन् । धेरै जसो पिंजडामा माछा पाल्न संलग्न परिवारहरुसंग हाल आफ्नै जग्गा र घर छ र राम्रै आम्दानी गरिरहेका छन् ।

सामान्यतया नदीहरु र तालहरुका माछा प्राकृतिक आहारमा हुर्कने भएकाले तिनीहरु स्वादिला छन् र बजारमा माग पनि बढी नै छ । यसैले प्राकृतिक तवरबाट नै माछा उत्पादन गरुन्जेल पिंजडामा पालिएको माछाको बजार मूल्य भविष्यमा पनि बढी नै  रहने छ । पिंजडामा पालिएका माछाले बढी फोसफरस र नाइट्रोजन भएका सूक्ष्म बनस्पति र प्राणी खाने भएकाले पानीमा ती सुक्ष्म बनस्पति र प्राणिको संख्या कम भई पानी सफा हुन्छ र पिंजडामा मत्स्य पालन एक वातावरण अनुकूल मत्स्यपालन पद्धति हो ।

धेरै जसो परिवारका बच्चाहरु विद्यालय गइरहेका छन् र तीन जना त उच्च शिक्षा पनि हासिल गरिरहेका छन् । तर विगतमा भने यो समुदायमा एकजना पनि पढेलेखेका मानिस थिएनन् । तर आज भोलि प्रायः सबैजसो परिवारसंग टेलिभिजन, ग्यांस चुलो र चर्पी छ भने केहीसंग मोटर साइकल पनि छ । केहीको जीवनस्तर मध्यम वर्गीय भएको छ । भविष्यमा यही समुदायका आमाहरुले आफ्ना नानीहरुलाई राम्रो बोडिङ्ग स्कूलमा पढाउन पनि थाल्नेछन् ।

## पाठ सिकाई र उपयोग

एउटा आयोजनाको रुपमा हेर्ने हो भने फेवा, वेगनास र रुपातालको वरिपरि बस्ने सुकुम्बासी, गरिव र पिछडिएको समुदायले पिंजडामा माछा पालनबाट आफ्नो जीविकोपार्जनमा सुधार ल्याइ रहेको हामी पाउँछौं । जालरी (पोडे) समुदायको पुर्खौली पेशा माछा पालन नभएतापनि अनुभवबाट हामी के बुझ्न सक्छौं भने आफ्नो पैत्रिक व्यवसायिक आधार जस्तो भएतापनि मानिसहरुले मत्स्यपालनमा सफलता प्राप्त गर्न सक्दछन् । समुदायका मानिसहरुको पहुंच सामुदायिक पानीमा पुग्न सक्छ भने उनीहरुमा भएको मत्स्यपालन ज्ञानले पनि धेरै उपलब्धी दिनसक्छ । पिंजडामा मत्स्यपालनमा जस्तै  समुदाय क्षमता नै अन्य समुदायको जीविकापार्जन सुधारको राम्रो शुरुवात विन्दु हुन सक्छ ।

## ताल र स्थानीय माछा संरक्षणमा अग्रसर समुदाय

हाल पौडे समुदायका मानिसहरुले खाली प्राकृतिक श्रोतबाट फाइदा लिने मात्र होइन की त्यसको संरक्षण पनि गर्नुपर्छ भन्ने कुरा महसुस गरेका छन् । उनीहरुले आफै उत्प्रेरित भएर पानीझार (water hyacinth) लाई तालबाट हटाए । यसका साथै उनीहरु आफैले सहभागितात्मक रुपमा नियमहरु बनाएर तालमा भएको जैविक संरक्षण कार्य पनि शुरु गरेका छन् । उनीहरुले हाल आएर स्थानीय निकायलाई हरेक पटक माछा मारेपछि कर पनि तिर्न थालेका छन् ।

पोखरा उपत्यकाका तालहरुमा करीव २५ प्रजातिका माछाहरु पाइन्छन् । केही स्थानीय माछाहरु, उदाहरणका लागि महासेर, आफ्नो फुल पार्ने वानीका कारण खतराको अवस्थामा पुगेको छन् । ती माछाहरु वर्षायाममा कम पानी भएको ढुङ्ग्यान पानी आइरहने ठाउँतिर फुलपार्न जान्छन् र त्यही वेलामा अरु मानिसहरुले तिनीहरुलाई मार्दछन् । यसरी फुल पार्न ठाउँ सर्ने माछाहरुलाई बचाउन र उनीहरुको प्रजातिको रक्षा गर्न पोडे समुदायका मानिसहरुले फेवातालमा पानी आउने खोलाहरुको मुखतिर पालो पहरा बस्ने गरेका छन् ।

टेक बहादुर गुरुङ्ग –अनुसन्धान केन्द्र प्रमुख र जयदेव विष्ट वरिष्ठ वैज्ञानिक हुन् उनीहरुको इमेल Fishres @ fewanet.com.np

## भियतनामको तटिय श्रोत व्यवस्थापनमा महिला सहभागिता र खान्ह होअ प्रान्तमा जिविकोपार्जन विश्लेषण

नग्योन थु हुए, थान थि हिएन, फाम थि फुओङ होअ, नग्युएन भिट र डाओ भियट लङ

### आईएमए आयोजना र महिला सहभागिता

अन्तराष्ट्रिय समुन्द्री एलाइन्स (क्ष:ब) भियतनामले खान्ह होअ प्रान्तको भिन्ह निन्ह जिल्लामा स्थानीय रुपमा व्यबस्थापन गरिरहेको समुन्द्री रिजर्भलाई सहयोग गर्दै समुदायमा आधारित तटिय व्यबस्थापन नामको तीन वर्षे आयोजना संचालन गरिरहेको छ । यस आयोजनाको उद्देश्य स्थानीय जनतालाई दिगो रुपमा माछा पाल्ने र मार्ने तरिका अपनाएर उनीहरुको तटिय श्रोतको राम्रो व्यबस्थापन गर्ने र आफ्नो आर्थिक सामाजिक अबस्थालाई राम्रो बनाउन सक्ने क्षमता विकास गराउनु रहेको छ ।

आईएमए ले महिला सहभागितालाई विशेष जोड दिएको छ । स्थानीय मछुवार आर्थिक क्रियाकलाप र तटिय श्रोतको संरक्षणमा महिलाहरुले महत्वपूर्ण भूमिका खेल्न सकेता पनि शशक्त सहभागितामा उनीहरुले प्राय: अप्ठ्यारो महसुस गर्नु परिरहेछ । तटिय श्रोत व्यबस्थापनमा महिलाको सहभागिता र क्षमता बढाउनुको साथै लैङ्गिक समन्यायता कायम गर्न लैङ्गिक अवधारणालाई एउटा महत्वपूर्ण मुद्धाको रुपमा आईएमएले आफ्नो आयोजनामा समावेश गरेको छ ।




जुलाई २००२ देखि आइएमए भियतनामले तटिय श्रोत व्यबस्थापनमा महिला सहभागिता र खान्ह होअ प्रान्तमा जीविकोपार्जन भन्ने उपआयोजना संचालन गरिरहेको छ । यस उपआयोजनाको लक्ष्य लैङ्गिक जागरण बढाउने र तटिय श्रोत व्यबस्थापनमा महिलाको क्षमता अभिबृद्धि गर्ने रहेको छ । ग्रामिण महिलाहरुलाई लाभान्वित समूह मानेर निम्नानुसार मुख्य मुख्य कार्यहरु समावेश गरिएको छ ।

१. लक्षित समूह (कम्युन सदस्य र स्थानिय जनता ) का लागि  लैङ्गिक तालिम संचालन गर्ने
२. जीविकोपार्जनको वैकल्पिक मञ्चको संगठित गर्ने
३. सानो पूंजीद्धारा महिलाहरुद्धारा छनोट गरिएको जीविकोपार्जन क्रियाकलापमा सहयोग गर्ने

यस उप-आयोजनाको कार्यान्वियन गर्ने काम स्थानीय संस्थाहरु (स्थानीय आयोजना व्यबस्थापन इकाई र भियतनाम महिला संगठन) ले  आइएमए को सहयोगमा गरेका छन् । तल्लो तहको प्रभावकारीतालाई सहयोग पु-याउन आयोजनाका सबै क्रियाकलापमा सहभागितात्मक पद्दतिलाई प्रवर्द्धन गरिएको छ । तालिमको गुणास्तरियता कायम गर्न विशेषज्ञ र परामर्शदाताहरुको साझेदारीमा कार्यक्रमहरु संचालन भैरहेका छन् । विशेष गरेर तटिय श्रोत व्यबस्थापनमा महिलाहरुको भूमिकालाई प्रचार प्रसार गर्न र वकालत गर्न स्थानीय संचार माध्यमहरुले महत्वपूर्ण भूमिका खेलि रहेका छन् ।

### लैङ्गिक तालिमहरु

उप आयोजनाको काम भएकै कारण सन् २००२ को अक्टोवरमा २ वटा लैङ्गिक विषयक तालिमहरु संचालन भए । यो तालिमले कम्युनका सदस्यहरुलाई लैङ्गिक अवधारणाहरु र कसरी लैङ्गिक अवधारणा विश्लेषण र लैङ्गिक मुद्धाहरु विकास कार्यहरुमा समावेस गर्न सकिन्छ भनि सिकाउने काम गरेको थियो । यसमा ६० जना सहभागी थिए । तालिमले गर्दा लैङ्गिक जागरणमा वृद्धि भयो । तटिय श्रोत व्यबस्थापन, घरायसी आर्थिक कार्य र समुदायको विकासमा महिलाहरुले पनि भूमिका खेल्न सक्छन् भन्ने सकारात्मक धारणाको विकास भयो । पुरुषहरुको धारणामा परिवर्तन आएको कुरा उनीहरुसंग छलफल गर्दा र प्रश्नावली भराउँदा थाहा भयो । यसको साथै महिलाहरुको क्षमतामा पनि अभिवृद्धि भयो । यो कुरा उनीहरुद्धारा तटिय क्षेत्रको व्यबस्थापन र क्रियाकलापमा जीविकोपार्जनका विकल्पहरुको प्रस्तुतीमा देखाएको सक्रियताबाट प्रमाणित भयो ।

**जीविकोपार्जनका विकल्पहरु**

तालिम पछाडी गरीव महिलाहरुको एउटा सभाको आयोजना गरियो । यसको उद्देश्य गरीव महिलाहरुसंग छलफल गरेर उनीहरुद्धारा जीविकोपार्जन विकल्पहरुको छनोट गराउनु थियो । खान्ह होअ मत्स्य प्रसार केन्द्रका विशेषज्ञ, आईएमए भियतनामका अधिकृतहरु र स्थानीय आयोजना व्यवस्थापन इकाईका कर्मचारीहरुले सो कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गरे । यस कार्यक्रमका सहभागीको संख्या ६० थियो । जीविकोपार्जन विशेषज्ञहरुले सहभागी महिलाहरुलाई त्यस क्षेत्र सुहाउँदा जीविकोपार्जनका विकल्पहरुका बारेमा जानकारी दिएका थिए । यो फोरमले सहभागितात्मक रुपमा आ-आफनो अनुभव साट्न र सिक्न होन मुन समुन्द्री संरक्षित क्षेत्रका अधिकृतहरु र माझीहरुको ध्यान तान्न सफल भयो ।





फोरमका सहभागीहरुले जीविकोपार्जनका विकल्पहरुको विषयमा छलफल गरेर सबभन्दा उपयुक्त विकल्पहरुको छनोट गरे । वातावरण अनुकूल जीविकोपार्जनका उपायहरु जस्तै सानो रुपको जलचर पालन (सिविड र हरियो शंखेकिरा ) र अन्य विकल्पहरु पनि प्रस्तुत भए र जस उपर महिलाहरुले छलफल गरे । सहभागीहरु एक निश्चित अवधारणा विकास गर्न सफल भए । यसबाट छनौट गरिएको विकल्पले महिलाको आय आर्जनमा र तटिय श्रोतको व्यवस्थापनमा महत्वपूर्ण भूमिकालाई पनि बढावा दिन्छ भन्ने विश्वास गर्न सकिन्छ ।

**थोरै कोषबाट जीविकोपार्जनको शुरुवात**

एकतिस जना महिलाहरुलाई उनीहरुले शुरु गरेको जीविकोपार्जनको विकल्पहरु कार्यान्वयन गर्न आइएमए र जलचर बिशेषज्ञहरुले सहयोग गरे । उनीहरुले छनोट गरेका कामहरु मध्ये वातावरण अनुकूल मत्स्यपालन पनि एक थियो यसले पानीको गुणस्तर राम्रो बनाउन र जलचरहरुको बासस्थान राम्रो बनाउन सहयोग पुर्‍याउंदछन् । यि कार्यक्रमको कार्यान्वयनमा महिलाहरु चाँही सुविधाहरु जुटाउन (पिंजडाका जाली र संकेत), उत्पादन उपरान्त कार्य र प्रसोधन कार्यमा प्रत्यक्ष सहभागी थिए भने पुरुषहरुले अनुगमन कार्यमा सहयोग पुर्‍याएका थिए । तिनीहरुले आफूले उत्पादन गरेका बस्तुहरु ट्राओ रिफ समुन्द्री संरक्षण क्षेत्रमा आउनेहरुलाई बेचेका थिए । यहां के आशा गर्न सकिन्छ भने उपलब्ध प्रविधिले नै पनि केहि थोरै लगानी गरेर छ महिना भित्रमा आम्दानीमा राम्रै बृद्धि भएको पाउन सकिनेछ । जिविकापार्जनमा नयाँ शुरुवात महिलाको क्षमता अभिबृद्धि र तटिय श्रोत व्यवस्थापनमा उनीहरुको भूमिकालाई यि कार्यहरुद्धारा राम्रो सुधार गर्न सकिन्छ ।

**नागयन थु हुए** ( कन्ट्रि कोओर्डिनेटर ) **थान थी हिएन** (लैङ्गिक विशेषज्ञ ) फाम थी फूओङ होअ (संचार अधिकृत) **नागयन भियट भिन्ह** (मत्स्य प्राविधिक सल्लाहकार ) र डाओ भियट लङ (समुदाय विकास अधिकृत ) अन्तराष्ट्रिय समुन्द्रीजीव संगठन भियतनाममा काम गर्छन् । उनीहरुको इमेल ima-vietnam@netnum.vn छ ।

## इन्डोनेसियामा तटिय श्रोत व्यवस्थापनमा अन्तरक्रिया र जनताको प्रयासमा सहयोग

टाविथा युलिटा

**जीवनको परिवेश,साझा सम्पत्ती, समुदायको सहभागिता र द्वन्द**

आजकाल मानिसहरुको जीवन निर्वाहको परिवेशसंग सम्बन्धित समस्याहरु तर्फ सवैको ध्यान गइरहेको छ । इन्डोनेसियामा पनि मानिसहरुले जुन रुपमा प्राकृतिक श्रोतहरुको उपयोग गरिरहेका छन् त्यो राम्रो र दिगो किसिमको छैन । प्राकृतिक श्रोतहरुको संरक्षण र उपयोगमा स्थानीय स्वायत्तताको असफलतालाई सवैले महसुस गरेका छन् । प्राकृतिक श्रोतहरु जस्तै समुन्द्री तट, जमिन र जंगलमा परम्परा देखि रहँदै आएको स्थानीय व्यक्तिहरुको अधिकार सुनिश्चित हुनुपर्छ भन्ने कुरा पनि उठीरहेको छ । यि प्राकृतिक सम्पदाहरु कुनै एक व्यक्तिको हुन नसक्ने भएकोले तिनीहरुको उपयोग सामूहिक हितमा हुनुपर्छ भन्ने भनाई पनि रहि आएको छ ।

प्राकृतिक श्रोतहरुसंग सम्बन्धित नीति नियमहरु बनाउंदा जहाँका जनता र समुदायलाई फाइदा पुग्ने हो त्यहिका मानिसहरुसंग सम्पर्क र छलफल गरेर बनाउनु पर्छ । यदि यस्तो हुन नसकेको खण्डमा ति प्राकृतिक श्रोतहरुको उपयोग गर्दा द्वन्द पैदा हुन सक्छ । उदाहरणका लागि उत्तरी सुमात्राको पूर्वी र पश्चिमी तटमा रहेको वाटाहान र जारिङ हालुस गाउँमा भएको साना जाल प्रयोग गर्ने स्थानीय माझीहरु र बाहिरबाट आएका आधुनिक ठूला जाल प्रयोग गरेर माछा मार्नेहरु बीचको द्वन्दलाई लिन सकिन्छ । त्यहाँ समस्या के देखियो भने तटिय र समुन्द्री श्रोतहरुको उपयोग सम्बन्धि निति नियमहरु नहुंदा परम्परागत रुपमा माछा मार्ने तरिकाहरुको संरक्षण हुन सकेन ।

समुदायको यो जीवन परिवेश र जनताको जीविकोपार्जन संग सम्बन्धित रहेर हामी यि प्रश्नहरु गर्न सक्छौं ।

- कसरी समुदायको तटिय श्रोतहरुको व्यवस्थापनमा सुधार ल्याउन सामाजिक अन्तर्रक्रियाहरुलाई बढाउन सकिन्छ ?
- के गर्दा तटिय श्रोतहरुको उपयोगमा स्थानीय तौर तरिका र मूल्य मान्यतालाई समावेश गर्न सकिन्छ ?
- आधुनिक समाजले तटिय क्षेत्रमा बस्ने मानिसहरुले परम्परागत रुपमा प्रयोग र व्यबस्थापन गर्दै आएको कुरालाई कसरी लिन्छन् ?
- स्थानीय जनताले श्रोतहरुको कसरी उपयोग गर्दछन् र परिवर्तित सन्दर्भ र आधुनिक बन्ने मागलाई उनीहरुले कसरी ग्रहण गर्दछन् ?

**नियमहरु र विश्वास**

प्राकृतिक श्रोतहरुको उपयोग सम्बन्धि नियमहरु बनाउने विभिन्न तरिकाहरु छन् । ती नियमहरु केन्द्रिय, प्रान्तिय वा स्थानीय सरकारी निकायहरुले पहिले देखि बनाउंदै आएका पनि छन् । यो कुरा इन्डोनेसियाको तटिय श्रोत म्यानग्रोभ (वाकाउ) क्षेत्र होस वा समुन्द्री क्षेत्रको उपयोग सम्बन्धि नियम सरकारी निकायले बनाएकोबाट नै बुझ्न सकिन्छ । तर समुदायले बनाएका नियमहरु भने अनौपचारिक किसिमका हुन्छन् ।

उदाहरणका लागि मृत कोरल चट्टानहरु आफूलाई चाहिने भन्दा बढी झिक्न स्थानीय तवरबाट प्रतिबन्ध गरिएको छ किनकी तिनीहरु झिक्नाले म्यानग्रोभ विरुवा पनि मासिन्छन् । यस्तो स्थानीय नियमलाई मिचेर कोरल चट्टानहरु घर बनाउने सामाग्रीको रुपमा धेरै मात्रामा झिकिएको प्रमाण समुदायका नेताहरुले बताएका थिए । यस्तो किसिमको स्थानीय तहबाट नियम कार्यान्वयन गर्ने कार्य समुदायले यो श्रोतको महत्व जानेर नै गरेका हुन् । तर नियमहरु शशक्त रुपमा कार्यान्वियन हुने कुरा मानिसहरुको नियमलाई मान्नुपर्छ भन्ने विश्वासमा भर पर्दछ ।

### श्रोतहरु परिचालन र परम्परा

माछा, गंगटा, झिंगेमाछा, म्यानग्रोभ विरुवा र कोरल ढुङ्गा नै मछुवारहरुले तटिय र समुन्द्रबाट उपयोग गर्ने श्रोतहरु हुन् । बाहिरबाट आएका मानिसहरुले माछा मार्न ठूला ठूला जालहरु र बम समेत प्रयोग गर्ने भएकाले तटिय र समुन्द्री क्षेत्रको पर्यावरणमा नराम्रो असर परिरहेको छ । त्यसको असरले कोरल चट्टानहरु नष्ट भैरहेका छन् र माछाहरुको संख्या पनि धेरै घटेको छ । यसले गर्दा मानिसहरुको सुविधाहरुमा आधुनिकता ल्याउने सपना पनि अपुरै रहने भएको छ ।

विकास र नयाँ प्रविधिहरु भित्रयाउने तटिय क्षेत्रमा बस्ने मानिसहरुको मूल्य मान्यता, परम्परा र सामाजिक संरचनामा प्रभाव पारेको छ । सामाजिक संरचना श्रोतहरुको उपयोग सम्बन्धी समुदायले बनाएका अलिखित नियमहरु थिए र जसको कार्यान्वयन पनि उनीहरुले नै गर्दथे । तर आधुनिकिकरण र प्राविधिक विकासले गर्दा यि

सबैमा परिवर्तन भै परम्परागत रुपमा माछा मार्दै आइरहेका मानिसहरुले पनि आफ्नो डुङ्गामा इन्जिन राख्ने र माछा मार्न मेशिन प्रयोग गर्न थालेका छन् ।

**परिवर्तन र ग्रहण**

यि सबै परिवर्तनहरुका कारण परम्परागत रुपमा संरक्षण गरिंदै आइएको तटिय श्रोतहरुको व्यबस्थापनमा चुनौति पैदा भएको छ । त्यसमा पनि बाहिरबाट आएका व्यक्तिहरुमा कानुनी अधिकार र आर्थिक शक्ति बढी हुनाले झन यसमा समस्या थपिएको छ । स्थानीय समुदायमा यसको असरको रुपमा स्थानीय आर्थिक क्रियाकलापमा गिरावट, मानिसहरु उत्प्रेरणा विहिन र परम्परागत विश्वास अविश्वासमा परिवर्तन भएको छ ।

यि समस्याहरुसंग जुध्न मानिसहरुले परिवर्तनका विभिन्न उपायहरु पत्ता लगाएर अपनाउन थालेका छन् ।

- मत्स्य वासस्थान विकास र पिंजडामा माछा पाल्न थालेका छन् ।
- मानिसहरुले बलियो समूहहरु बनाउन मछुवार संगठनको गठन गरेका छन् ।
- माछा समाउने निश्चित क्षेत्र छुट्याउनुको साथै विभिन्न प्रकारका माछा समाउने औजारहरु प्रयोग गर्न थालेका छन् ।
- तटिय श्रोतहरुको उपयोगमा समुदाय र बाहिरी मानिसहरु वीचको द्वन्दलाई समाधान गर्ने कोशिस गरेका छन् । उदाहरणका लागि सरकारसंग ती क्षेत्र उपरको अधिकारको कुरा उठाउनु, स्थानीय नियमहरु बनाउनु, छलफल चलाउनु र समुन्द्री क्षेत्र संरक्षणका लागि पहराको व्यवस्था गर्नु ।
- परम्परागत मछुवाराहरुको व्यवसायिक र सरकार प्रतिको धारण बुझ्ने र आपसमा विश्वासको वातावरण विकास गर्ने कोसिस गरिएको छ ।
- परम्परागत रुपमा माछा मारिरहेका मानिसहरु बदलिंदो परिवेशमा मिल्न र आशावादी हुन सकुन् भनेर केहि मात्रामा अन्तर समुदाय रणनीतिहरु तयार गरिएका छन् ।

यस लेखमा उल्लेख गरिएका प्रयासहरु र अन्तरक्रियाहरुलाई हामी सामाजिक सम्पत्तीको बृद्धि भनेर मान्न पनि सक्छौं । यिनीहरुले गर्दा परम्परागत रुपमा गरिंदै आइएको तटिय श्रोत व्यबस्थापनले एउटा संस्थागत रुप लिन्छ र त्यसले आधुनिकिकरणमा परम्परागत प्रणालीलाई पनि संगै लैजानेछ । यसमा सफलता चाहिं विशेष गरी सम्बन्धित समूहहरुले एक आपसमा कसरी विश्वास गर्छन् त्यसमा भर पर्दछ ।

**टाविधा युलिटा** स्पार्क इन्डोनेसियाकी कार्यक्रम सहायक हुन् उनको इमेल spark @ vsoint.org हो ।

## सामुदायिक मत्स्यपालन अनुगमन र मुल्यांकन प्रणालीको योजना

**हेथर आर्ली र हाइको मीलिस**

### एउटा नमूना आयोजना

कम्बोडियाको सामुदायिक मत्स्य पालन विकास कार्यालयसंग सम्बन्धित सूचना जानकारीहरुको संकलन र विश्लेषण गरेपछि के विश्वास गरियो भने यसले प्राकृतिक श्रोतहरुको दिगो विकासका मुद्दाहरुलाई राम्रोसंग बुझ्न मद्दत गर्नेछ । सा.म.वि.का (CFDO) ले एफएलडी, भिएसओ र स्ट्रिमको सहयोगमा काम्पोङ छनाङ, कान्डाल र काराटीए प्रान्तको १२ वटा गाउँहरुमा एउटा सानो आयोजना संचालन गरेको थियो । यसले सा.म.वि.का लाई सामुदायिक मत्स्य पालनसंग सम्बन्धित तथ्यांकहरु संकलन गर्ने, विश्लेषण गर्ने र अनुगमन तथा मुल्यांकन प्रकृयाको विकास गर्न सक्षम बनायो । यस आयोजनाको मुख्य बुंदा सही तथ्यांहरु संकलन भन्दा पनि तथ्यांक संकलनको प्रकृयाको विकास गर्नु थियो । यसबाट एउटा व्यबहारिक प्रक्रियाको विकास भयो जसले गर्दा सामुदायिक मत्स्यपालन क्षेत्रको पहिचान गर्ने, रेकर्ड राख्ने, अनुगमन कार्य गर्ने, सह व्यबस्थापनका द्धन्दहरुबारे बुझ्ने, माछा मार्ने बेला थाहा पाउने र यि सूचना तथा तथ्यांहरुलाई नियमित रुपमा परिमार्जन (updates) गर्ने कामहरु सजिलो भयो । यसको नतिजा सामुदायिक मत्स्यपालन अनुगमन र मुल्यांकन तथ्यांक तयार योजनामा सहयोग भनेर स्ट्रिमको वेवसाइटमा उपलब्ध छ ।

### जलचर श्रोतहरुमा पहुंचको अवसरहरु र चुनौतिहरु



क्याम्बोडियामा स्वच्छ पानीका माछा मार्ने कार्यको व्यबस्थापन खाद्य सुरक्षा, आय आर्जन र दिगो जीविकोपार्जनका दृष्टिकोणकोणबाट महत्वपूर्ण रहेको छ । त्यसबाट जीविका चलाई रहेका गरीब मछुवारहरुले धेरै मात्रामा माछा प्राप्त गरिरहेका छन् । तिनीहरुको जीविकोपार्जन नदी, ताल, जलचर श्रोत र मासिंदै गरेको जंगलमा आधारित छ कम्बोडियाको जलचर श्रोतमा उनीहरुको अधिकार र पहुंच र उनीहरुलाई सहयोग गरिरहेका संस्थाहरुसंग गरिने संचार नै मुख्य मुद्धाहरु हुन् । व्यवसायिक रुपमा माछा मार्ने कार्य हटाउनाले गरीवहरुको जलचार श्रोतमा कानुनी नियन्त्रण बढ्न गएको छ । तैपनि सामुदायिक व्यवस्थापनमा शसक्त प्रतिनिधित्व हुन नसक्दा गरीवहरुले उपलब्ध अवसरहरुबाट फाइदा लिन भने सकेका छैनन् ।

### सह–व्यवस्थापनलाई सहयोग गर्न अनुगमन र मुल्यांकन

सह–व्यवस्थापनलाई सहयोगी संस्थाहरु, सरकारी विभाग र श्रोत उपभोक्ताका प्रतिनिधिहरुद्धारा सामुहिक सहभागितात्मक प्रक्रियाद्धारा विधि सम्मत निर्णय गर्ने कार्यको रुपमा लिनु पर्दछ । सामुदायिक मत्स्यले सह– व्यवस्थापनका नियम प्रक्रियाहरु निर्धारण गर्न अख्तियारी प्रदान गर्दछ । यदि स्थानिय समुदायले सुशासनलाई प्रवर्द्धन गर्न शशक्त भूमिका खेल्नु आवश्यक हुन्छ भने सह–व्यबस्थापन दिगो हुनुपर्दछ र जनता केन्द्रित विकास पद्धतिलाई अंगाल्नु पर्दछ ।

सामुदायिक मत्स्य विकास कार्यालयको कम्बोडियामा सामुदायिक मत्स्य व्यबस्थापनको उद्देश्य ग्रामिण गरीव जनताको जीविकोपार्जनमा सुधार ल्याउनु रहेको छ । यसका साथै यसको वृहत उद्देश्य दक्षतापूर्वक जलचर श्रोतहरुको दिगो र समानुपातिक हुने किसिमले व्यबस्थापन सहयोगी भएर काम गर्ने रहेको छ । सामुदायिक मत्स्यलाई असर गर्ने मुद्धाहरुलाई जति राम्रोसंग बुझ्न सक्दछ त्यति यस कार्यालयको मत्स्य सहव्यबस्थापन गर्ने क्षमता बढ्नेछ र प्रान्तहरुमा काम गर्ने कर्मचारीहरु विचमा समन्वय गर्न पनि सक्दछ ।

### आधारभूत जानकारीहरु संकलन गर्न सहभागितात्मक तरिका

नमूना आयोजनाको उद्देश्य जानकारीहरु संकलन गर्नु मात्र नभएर प्रक्रियाको परिक्षण गर्नु पनि रहेको थियो । यसले तीनवटा प्रान्तमा सामुदायिक मत्स्य पालनको व्यवस्थापनको अनुगमन तथा मुल्यांकनका लागि आवश्यक पर्ने आधारभूत जानकारीहरु संकलन गर्न सक्ने गरायो । समुदायको समिति र गाउँले नेताहरुसंगको विशेष समूह अन्तरवार्ताले परिमाणात्मक तथ्यांक संकलन गर्न र सहभागितात्मक ग्रामिण विश्लेषणका माध्यमबाट सम्पूर्ण गाउँलेहरुसंग छलफल गर्दा गुणात्मक तथ्यांक संकलन गर्न मद्दत पुग्यो । सामुदायिक मत्स्य व्यबस्थापन के कसरी गर्ने भन्ने बुझ्न र रेकर्ड राख्न स्थानीय ज्ञान र ग्लोबल पोजिसनिङ प्रणालीलाई एकिकृत रुपमा प्रयोग गरियो । सह व्यबस्थापनमा देखा परेका द्धन्दहरु र तिनीहरुको समाधानका उपायहरु पनि टिपोट गरियो । सामुदायिक मत्स्य सह–व्यबस्थापनको विकास र सफल कार्यान्वयनका प्रतिनिधि छनौटमा सहभागिता, प्रशासनिक प्रक्रिया, सफलताको

सहसुस मात्रा, सामुदायिक मत्स्यपालन सम्बन्धि ज्ञान, मत्स्य बासस्थानको विकास रेखदेख समूहको गठन र यि सबैको अभिलेख राखिएको अनुगमन गर्नाले थाहा पाउन सकिन्छ ।



तथ्यांक राख्न, परिमार्जन गर्न, कम्प्यूटरबाट विश्लेषण गर्ने र प्रतिवेदन तयार गर्न सकिने साधारण डाटावेस तयार गरिएको थियो । यसलाई अझ विकसित गर्दै लांदा यसले तथ्यांक विश्लेषण गरी सबै सरोकारवालाहरुलाई  वितरण गर्न उपयोगी हुने बनाउन सकिन्छ ।

**अनुगमन तथा मूल्यांकनको सहयोगले गरीव जनताको जीविकोपार्जनलाई राम्रो बनाउने**

नमूना आयोजनाको समाप्तीसंगै सामुदायिक मत्स्य विकास कार्यालयले त्यहाँ हाल कस्तो अवस्था छ भन्ने जानकारी लिन अनुगमन तथा मुल्यांकन आयोजनाको शुरुवात गऱ्यो । यस आयोजनामा प्रान्तहरुमा रहेका मत्स्य कार्यालयहरुले आवश्यक तथ्यांक संकलन गरि सामुदायिक मत्स्य विकास कार्यालयहरुलाई उपलब्ध गराएको तथ्यांक आयोजनाले तयार गरेको डाटावेशसमा राखियो । त्यसको नतिजा अहिले इन्टरनेटको (www.maff.gov.kh/cfdo.html) मा हेर्न सकिन्छ । यसले सा.म.वि. कार्यालयका कर्मचारीहरुलाई अनुगमन तथा मुल्यांकनको अनुभव हासिल गर्न सहयोग गर्दछ । यसका साथै यसले गर्दा सामुदायिक मत्स्य विकासको स्थापना र क्षमता विकास गर्ने सूचांकमा आधारित तथ्यांकहरु संकलन गर्न सजिलो हुन्छ । यो एकै किसिमको कार्य पनि पूर्ण फरक रुपमा तथ्यांकको सहयोगमा श्रोतहरुको व्यबस्थापन दिगो हुने किसिमले गर्नु हो र यो वास्तवमा नै वृहत महत्वको छ ।

यूएनडिपीको टोन्ले साप क्षेत्रको दिगो विकासका लागि क्षमता विकास आयोजना (यो एडिवीको टोन्ले साप वातावरण व्यबस्थापन आयोजनाको एक भाग हो) ले सा.म.वि.का.को अनुगमन मुल्यांकन शाखाका दुइ जना र प्रान्तका केही कर्मचारीहरु समेतलाई टोन्ले साप ताल नजिकका बस्तीहरुबाट तथ्यांक संकलन गर्न सहयोग गरेको थियो । यस आयोजनाले जीपिएस मेशिनहरु र जीआइएस सफ्टवेयर चलाउन तालिम लिन पनि सहयोग गऱ्यो । आगामी वर्षबाट शुरु हुने एडीवीको दोश्रो चरणको आयोजनामा अनुगमन र मुल्यांकन गतिविधिका लागि बजेटको व्यबस्था गरिएको छ । तर यो कार्य टोन्ले साप ताल क्षेत्रको लागि मात्र हो । सा.म.वि. कार्यालयले भने देशभरिको गतिविधि हेर्नु पर्ने हुन्छ । साथै विभिन्न तहमा कार्यरत सरोकारवालाहरुको सूचना तथा जानकारीको आवश्यकतालाई पनि ध्यान पुऱ्याउनु पर्दछ ।

धेरै किसिमका समुदायहरुलाई बुझ्न र क्षमता पहिचान गर्ने काममा सामुदायिक मत्स्य अझै शुरु अवस्थामै छ । तर केही समुदायहरुका समितिहरु भने आफ्नो स्पष्ट भूमिका पहिचानका साथ प्रभावकारी पनि देखिएका छन् । सरकार र समुदायका सरोकारवालाहरुसंग छलफल जारी राख्दै उपयुक्त अनुगमन तथा मूल्यांकनको तथ्यांकहरुको प्रयोग गर्न सकेको खण्डमा गरीव मछुवारहरुको जीविकोपार्जनलाई सुधार गर्न सकिने अवसरहरु रहेका छन् र यसका लागि आवश्यक ठाउंमा उपयुक्त सुझाव र सल्लाह पनि दिनुपर्दछ ।

हेथर आर्ली भीएसओको दिगो जीविकोपार्जन टोली सल्लाहाकार, कम्बोडिया हुन् र उनको इमेल 012809091@moitel.com.kh र हाइको मीलिस चाँही व्यवस्थापन र संचार सल्लाहाकार हुन् उनको इमेल info@haikomeelis.com छ ।

## सूचना पहुंच अध्ययनद्धारा सरोकारवालहरु वीचमा प्रभावकारी संचारका लागि आवश्यकता पहिचान र सुझावहरु

इलिजावेथ एम गोन्जालेस, मालेने फेल्सीङ र इरविन एल पाडोर

फिलिपिन्सका धेरै सरकारी निकायहरु तटिय समुदायमा रहेको गरीवी र मत्स्य संख्या घट्नेमा आएको परिवर्तनको कारण समुदायमा आधारित तटिय श्रोतहरु व्यबस्थापन हो भनि विश्वास गर्दछन् । सामुदायिक तटिय श्रोत व्यबस्थापनका लागि सबै जलचर श्रोतहरुको सरोकारवालाहरुको संयुक्त प्रयास आवश्यक हुन्छ । यसका लागि तटिय समुदाय र अन्य सरोकारवालहरुका लागि राम्रो संचार र आवश्यक श्रोतहरु र सहयोगको आवश्यकता पर्दछ ।

यही कुरालाई ध्यानमा राखेर फिलिपिन्सको क्षेत्र ६ मा स्ट्रिम र क्षेत्र ६ को मत्स्य र जलचर श्रोतहरुको व्यूरोको सहयोगमा २००३ को जुन महिनामा सूचनामा पहुंच अध्ययन सम्पन्न गरिएको थियो । यस अध्ययनको उद्देश्यहरु

१) जलचर श्रोतहरु र मत्स्य क्षेत्रको मुख्य सरोकारवालाहरुको छोटो जानकारी तयार गर्ने
२) क्षेत्र ६ भित्र उपयोग गरिएका संचारका माध्यमहरुको पहिचान गर्ने
३) सरोकारवाला समूहहरु र संघ संस्थाहरुको आन्तरिक र एक आपसमा भैरहेको सूचनामा पहुंच र संचारको विवरण तयार गर्ने
४) वर्तमान आवश्यकताहरुको पहिचान गर्ने र सरोकारवालाहरुलाई उपयुक्त संचार रणनितिहरुको सुझाव पेश गर्ने ।

अध्ययनको तयारीको क्रममा सूचनाका शशक्त श्रोतहरुको पहिचान गरियो । अध्ययनको कार्य ११-२६ जुन २००३ मा गरिएको थियो र यसमा मनिला महानगर लुजोन र क्षेत्र ६ का अन्य भागमा विभिन्न व्यक्तिहरुसंग अन्तरवार्ता लिइएको थियो । यसमा जानकारी दिने मुख्य व्यक्तिहरुमा सरकारी विभागका कर्मचारीहरु, नागरिक समाज, अनुसन्धान संस्थाहरु र नगरपालीकाका प्रतिनिधिहरु थिए । यसको अलवा तीनवटा तटिय नगर क्षेत्रका मछुवारहरु, ग्रामीण कार्यकर्ता र मछुवारहरुको संस्थाका प्रतिनिधिहरुसंग समूह छलफल पनि गरिएको थियो ।



### केही पत्ता लगाइएका कुराहरु

**श्रोता जानकारी-** सरकारी निकायहरुबाट संस्थागत रुपमा समुदायलाई मत्स्य र जलचर विकासमा सहयोग प्राप्त भैरहेको छ सबै जसो सरकारी कर्मचारीहरु स्नातक गरेका र अंग्रेजी भाषामा प्राविधिक जानकारी दिन र लिखित संचार गर्न सक्षम छन् । सबै सरकारी अधिकारीहरु फिलिपिनो र स्थानीय भाषा पनि जान्दछन् ।

गैर सरकारी संस्थामा व्यबस्थापन तहका कर्मचारीहरु सबै जसो स्नातक गरेका र अंग्रेजी भाषामा दखल भएका छन् । सबै जसो गैरसरकारी संस्थाहरु अन्तराष्ट्रिय संस्थाबाट आर्थिक सहयोग पाइरहेका र इमेल इन्टरनेट सुविधामा पहुंच भएका छन् । जनताका संस्थाहरुका सदस्यहरु भने प्रायः मछुवारा र प्राथमिक शिक्षा प्राप्त छन् र उनीहरु फिलिपिनो र स्थानीय भाषा जान्दछन् तर अंग्रेजीमा भने धेरै नै कम ज्ञान छ । अनुसन्धान संस्थाहरुमा भने सबै कितावहरु अंग्रेजी भाषामा छन् । सबैजसो स्थानीय सरकारी निकायका अधिकारीहरु भने स्नातक गरेका र अंग्रेजी भाषामा राम्रो दखल भएका छन् । तटिय समुदायमा साक्षरता दर माथिल्लो स्तरमा छ र धेरै जसोले विद्यालय स्तरिय शिक्षा प्राप्त गरेका छन् । यिनीहरु स्थानीय भाषाका अलवा फिलिपिनो र हिलीगायोनन भाषा बोल्दछन् र अंग्रेजीको पनि केहि ज्ञान छ ।

### संचार माध्यमहरु

संचार माध्यममा रेडियो, टेलिभिजन, पत्रपत्रिका, सिनेमा, ठट्यौली किताव, भिडियो, विकास थियटर, ग्रामिण सूचना बोर्ड, फोल्डर सेलफोन र परम्परागत सांस्कृतिक कार्यक्रम (कम्पोसस) रहेका छन् । सबै समूहका लागि रेडियो र टेलिभिजन बढी मन पराइने संचार माध्यम हुन् । अनुसन्धानले के देखायो भने गाउँलेहरु सूचना तथा जानकारीहरुका लागि स्थानीय निकायका अधिकारी, सरकारी र गैर सरकारी निकायका पदाधिकारीहरुसंग सम्पर्क पनि गर्दछन् र कहिले काहिं चाहिं नगरका कृषि र मत्स्य अधिकृतहरु, समुदायका संस्थाका अधिकृत, स्थानीय राजनीति कर्ता, प्रहरी र मत्स्य प्रबर्द्धकहरुसंग सरसल्लाह गर्दछन् ।

**सूचना सांटासांट**

संस्थाभित्र व्यक्तिगत संचार आफ्नै माध्यमबाट हुन्छ । यसका लागि सामान्यतया चिठीपत्र अथवा फ्याक्स पठाउने गरिन्छ र भाषा अंग्रेजी प्रयोग गरिन्छ । यसका अलवा फोन र मोवाइल फोन पनि प्रयोग गरिन्छ ।

**सूचनामा पहुंच**

तटिय समुदायमा प्रसारको उद्देश्य मछुवारहरु वा उनीहरुको संस्थासम्म प्रविधि हस्तान्तरण गर्नु रहेको छ । प्रसारका तरिकाहरुमा तालिम, गोष्ठी, पोष्टर र पर्चा वितरण र प्रदर्शन कार्यक्रम (समुद्री झार, टिलापिया, क्याटफिस आदि) रहेका छन् ।

**आवश्यकताहरु र सुझावहरु**

अध्ययनबाट प्राप्त नतिजाहरुको आधारमा सरोकारवालाहरुको जिम्मेवारी परिभाषित गरियो र लक्षित समुदायहरुको लागि सूचना र प्रसारको आवश्यकता पहिचान तथा आवश्यक सुझावहरु दिइयो । मुख्य मुख्य सुझावहरु

१) मत्स्य र जलचर क्षेत्रमा प्रसार कार्य गर्नको सहभागितात्मक पद्दतिबाट राष्ट्रिय रणनिति तयार गर्नुपर्छ ।
२) प्रसार सेवा सबै उपयोग कर्ताहरुले एकै किसिमको गुणस्तरिय सेवा पाउने गरि विकास र कार्यान्वयन गर्नुपर्छ
३) प्रसार सूचनाहरु शसक्त रुपमा संचार हुने गरि लक्षित र पूर्व परिक्षण गरिएको हुनुपर्दछ ।
४) हाल कायम रहेको समुदायले प्रसारलाई पृष्ठपोषण गर्ने कार्यलाई अझ मजबुत गर्नुपर्छ ।

**सिकिएको पाठ**

सूचनामा पहुंच अध्ययन एक महत्वपूर्ण कार्य भएकोले कुनै पनि विकासको नयां शुरुवात गर्दा यो कार्य गर्नु उपयुक्त हुन्छ । यसले गर्दा सरोकारवालाहरुको पहिचान गर्न र तिनीहरु बीचमा प्रभावकारी संचार कायम गर्न सजिलो हुन्छ यो अध्ययनबाट प्राप्त नतिजाले सरोकारवालाहरुको लागि आवश्यक सूचनाहरु र प्रभावकारी प्रसार तरिकाहरु बारे थाहा पाउन र रणनीतिक योजना तर्जुमा गर्न आवश्यक सूचना जानकारीहरु उपलब्ध गराउन सकिन्छ । अध्ययन भन्दा पहिले गरिने सरोकारवालाहरुको सूची र संजाल तयार गर्ने र सूचनाका महत्वपूर्ण श्रोतहरुको पहिचान गर्ने कार्यले पछि गरिने वास्तविक अध्ययनको प्रभावकारीतालाई निर्धारण गर्दछ ।



अध्ययनको शुरुमा नै स्पष्ट रुपमा उद्देश्यहरु निर्धारण गर्न सकेको खण्डमा पछि अन्तरवार्ता लिन र समूह छलफल गर्न सजिलो हुन्छ । खुला प्रश्नावली द्वारा अन्तरवार्ता लिनाले सरोकारवालाहरुलाई मुद्धाहरुलाई बढी उजागर गर्न सजिलो हुन्छ ।

इलिजावेथ एम गोन्जालेस – स्ट्रिम फिलिपिन्सकी संचार केन्द्र व्यवस्थापक र इरविन एल पाडोर सहायक राष्ट्रिय समन्वयकर्ता हुन् उनीहरुको इमेल streambfar-phil@skyinet.net छ । मालेने फेल्सीङ पश्चिम अष्ट्रेलियाकी वासिन्दा हुन् र उनको इमेल mfelsing@fish.wa.gov.au छ ।

## मत्स्य अध्यादेश कार्यान्वयनको सहयोगमा सूचना,शिक्षा र संचार (आईइसी) रोसास शहर फिलिपिन्समा भएको कार्यशाला गोष्ठी

वेलिन्डा एम ग्रारिडो र इलिजेवेथ एम गोन्जालेस

### रोसास शहर पहिले र अहिले

रोसास शहर कापीज प्रान्तको राजधानी हो र यो इलोइलोबाट १३६ किलोमिटर टाढा र पानाय टापुको उत्तर पूर्वमा रहेको छ । यससंग जलचर र मुगा खेती गरिने ठूलो क्षेत्रफल रहेको छ । यो शहर फिलिपिन्समा समुन्द्री खाना जस्तै मुगा गंगटा, भिंगेमाछा ओस्टार, हरियो मुगा, आदि विक्रि वितरण गर्ने प्रमुख केन्द्रको रुपमा रहेको थियो । तर आजभोली त्यहां जथाभावी गैरकानुनी पोखरीहरु निर्माण गर्ने, माछा मार्ने, नदी र नगरको अधिनमा रहेको जलक्षेत्रमा माछा मार्ने संरचनाहरु निर्माण भैरहेका छन् । जसले गर्दा मत्स्य श्रोतहरु घट्दै गइरहेका छन् । र त्यसै गरि वातावरणीय समस्याहरु पनि पैदा भएका छन् । जलचर र समुन्द्री माछा मार्ने कार्य बन्द भएको छ । सबभन्दा बढी साना मछुवाहरु नराम्ररी प्रभावित भएका छन् । किनभने उनीहरुसंग नोक्सानीलाई झेल्न सक्ने सामर्थ कम छ । मध्यम र ठूला मछुवारहरु भने बढी नै लाभान्वित भएका छन् र कतिपयले पिजडामा उच्च मोलका माछा पाल्ने तथा मुगा खेती गर्न थालेका छन् । कुनै कानुनी बन्धन बिना च्याउ उम्रिए झैं निर्माण भैरहेका संरचनाहरु सरकारका लागि समस्या बनिरहेका छन् ।

### मत्स्य अध्यायदेश

यि माथि उल्लेख गरिएका मुद्धाहरुलाई समाधान गर्न रोसास शहरी सरकारले शहरी कृषि सेवा कार्यालयको सहयोगमा मछुवारहरु उनीहरुको संस्था र मत्स्य जलचर तथा श्रोतहरु परिषदको सहभागितामा २५औं गाउं इकाईमा एउटा गोष्ठी गरि मत्स्य अध्यादेश निर्माण गरे । यो अध्यादेश सन् २००२ को डिसेम्बरमा जारी भयो र हाल यो कार्यान्वयनको अवस्थामा रहेको छ । शहरी कृषि सेवा कार्यालयले यो अध्यायदेशलाई व्यापक रुपमा प्रचार प्रसार गर्नुपर्ने र त्यसका कसरी गर्ने भन्ने कुरामा केही सहयोग चाहिने महसुस गरेको छ । यस कार्यालयले गरेको एउटा निर्णय मध्ये शहरी सरकार र मत्स्य तथा जलचर श्रोतहरु परिषदका कर्मचारीहरुलाई सूचनाहरु गर्ने,शिक्षा र संचार साकाग्रीहरु तयार गर्ने विषयमा तालिम दिने रहेको छ । शहरी कृषि सेवा कार्यालयकी मत्स्य अधिकृत वेलिन्डा गारिडोले सूचना, शिक्षा र संचार सामाग्री तयार गर्ने गोष्ठिका लागि सहयोग माग्दै एक कार्यालयमा पेश गरेकी थिइन् ।

### कार्यशाला गोष्ठी




तीन दिने कार्यशाला गोष्ठीको उद्देश्य छपाई र श्रव्य दृष्य माध्यमबाट अध्यादेशको प्रचार प्रसार गरि सबैलाई जानकारी दिने सूचना शिक्षा तथा संचार सामाग्री तयार गर्नु रहेको थियो । यस गोष्ठी अगष्ट  २००३ मा भयो र यस गोष्ठीका सहयोगीहरु जोस राजन तेस्रा प्रमुख विफार, मत्स्य श्रोतहरु व्यबस्थापन आयोजना, मत्स्य व्यबस्थापन सूचना केन्द्र, एगनेस सोलिस विफार ६ एफआरएमपि आइइसी, जेनीस ट्रोन्को – सूचना अधिकृत, इरनि पान्डो र इलिजावेथ गोन्जालेस स्ट्रिम फिलिपिन्स रहेका थिए ।

गोष्ठिका २३ जना सहभागीहरुमा कृषि र मत्स्य प्रसार अधिकृतहरु, पोलिटेकनिक कलेजका प्रसार प्रमुख, सरकारी पत्रिकाका सम्पादक मत्स्य तथा जलचर श्रोत व्यबस्थापन परिषदका प्रतिनिधि, पर्यटन कार्यालय र योजना तथा विकास कार्यालयका प्रतिनिधिहरु थिए ।

सूचना, शिक्षा र संचार प्रक्रियाको योजना प्रक्रिया र उत्पादन चक्र, वर्तमान क्रियाकलापहरु जस्तै मत्स्य श्रोतहरु व्यवस्थापन आयोजना र स्ट्रिमका गतिविधिहरु विषयमा सहभागीहरुलाई जानकारी दिइएको थियो । यसको साथै सूचना पहुंच अध्ययनको नतिजाको पनि जानकारी गराइएको थियो । विभिन्न मुद्रण र प्रसारण माध्यमका विषयमा सम्बन्धित निर्देशित सिद्धान्त र तरिकाहरुका बारेमा बताइएको थियो । प्रत्येक कार्यपत्र प्रस्तुती पछि त्यस विषयमा छलफल र प्रतिकृया व्यक्त गर्न समय छुट्याइएको थियो । यसले गर्दा कार्यपत्रमा सुधार गर्न र सहभागीहरुले सूचना, शिक्षा र  संचार सामाग्रीहरु निर्माण विषयमा सिक्ने मौका प्राप्त गरेका थिए । प्रसार कर्ताहरु र मत्स्य तथा जलचर श्रोतहरु व्यबस्थापन परिषद्का प्रतिनिधिहरुलाई फाइदा होस् भनेर प्रभावकारी रुपमा वैठक संचालन गर्ने र समुदायलाई सहयोग गर्ने विषयमा समेत कार्य पत्र प्रस्तुत गरिएको थियो ।

कार्यशाला गोष्ठीको अन्तमा सहभागीहरुले तीनवटा वीलवोर्ड र तीनवटा पोष्टरहरु समुन्द्री-पार्क, नुहाउने क्षेत्र र सेलफिस संरक्षण क्षेत्रलाई समेटने गरी तयार गरे । उनीहरुले यसको अतिरिक्त मत्स्य अध्यायदेशको महत्व झल्कने गरि तीनवटा तीस सेकेण्ड समयका स्पट घोषणा, तीनवटा छोटा नाटक, भनाई र एउटा जिङ्गल गीत तयार गरे । सरकारी अधिकारी र आफना साथीहरुलाई बुझाउन पावरप्वाइन्ट प्रस्तुती र पत्रिका लेख पनि तयार गरे । उनीहरुले तयार गरेको पत्रिका लेख तटिय श्रोतहरु व्यवस्थापनको न्युजलेटरमा प्रकाशित गर्ने निधो गरे ।

**केही कथा**

गोष्ठी अवधीको खाली समय र बन्द सत्रमा सहभागीहरुलाई उनीहरुको अनुभवको आदन प्रदान गर्न प्रेरित गरिएको थियो । ती सहभागीहरुको अनुभव मध्ये यहाँ दुइवटा प्रस्तुत गरिएको छ ।

**साल्भाडोर बार्टोसिलो - शहरी योजना र विकास अधिकृत**

यिनको भनाईमा यो कार्यशाला गोष्ठीले उनी र उनको साथीहरुको सूचना, शिक्षा र संचार सामाग्री तयार गर्ने काममा नयाँ सिपको विकास गर्न मद्दत गऱ्यो । पावरप्वाइन्ट प्रस्तुतीको सीपले शहरी विकास कार्यालयमा उनलाई आफूले गरेको काम प्रभावकारी रुपमा प्रस्तुत गर्न सहयोग गर्ने भएको छ ।  यस भन्दा पहिले उनले भाग लिएको गोष्ठीहरुमा भन्दा यसमा पस्तुति र छलफलको फरक वातावरणले गर्दा सहभागीहरुलाई प्रभावकारी र सक्रियपूर्वक भाग लिन प्रेरित गरेको अनुभूति उनले गरिन । यसको प्रभाव गोष्ठीबाट उत्पादित सामाग्रीहरुबाट पनि थाहा पाउन सकिन्छ ।

**वेलिन्डा गाररिडो - शहरी कृषि सेवा कार्यालय**

यिनले आफू, प्राविधिक समूह र मत्स्य तथा जलचर श्रोतहरु परिषदका सदस्यहरुले रोसास शहरमा तटिय श्रोतहरु व्यवस्थापन गर्न सहयोग गर्दा भोग्नु परेका कठीनाईहरुको आदन प्रदान गरेकी थिइन । मत्स्य अध्यादेश नै त्यस कठीन कार्यको उपलब्धी हो । उनको भनाईमा अध्यादेश जारी हुनु एक पाइला अघि बढ्नु मात्र हो । यस भन्दा अगाडीको कार्यहरु यसको वारेमा सबैलाई जानकारी दिनु, बुझाउनु, आफनो लागि हो भनि मान्ने बनाउनु र कार्यान्वियन गर्नु हो । सूचना, शिक्षा र संचार कार्यका वारेमा उनले कुनै शिक्षा पाएकी थिइनन् तर यो कार्यशाला गोष्ठीले उनलाई त्यस बिषयमा धेरै नै ज्ञान दियो । उनी र उनका साथीहरु अब सूचना, शिक्षा तथा संचार सामाग्रीहरु तयार गर्ने र त्यसलाई प्रयोगमा ल्याउन सक्षम भएका छन् । यसको साथै प्रभावकारी रुपमा बैठकहरु संचालन गर्ने सीप सिक्न पाएकाले उनीहरुको प्रसार कार्यमा सहयोग पुग्ने र समुदायका बैठकहरुलाई प्रभावकारी बनाउन सक्ने आत्म विश्वास विकास भएको अनुभव यिनले व्यक्त गरिन ।

वेलिन्डा एम गाररिडो - मत्स्य अधिकृत, सूचना, शिक्षा संचार शहरी कृषि सेवा कार्यालय, रोसास शहर र उनको इमेल belrengar@yahoo.com छ ।

इलिजावेथ एम गोन्जालेस - स्ट्रिम फिलिपिन्सकी संचार केन्द्र व्यवस्थापक, उनको इमेल streambfar-phil@skyinet.net छ ।

# स्ट्रिम जर्नल वारे

**प्रकाशितः** स्ट्रिम -क्षेत्रीय जलचर श्रोतको व्यवस्थापनका लागि सहयोग
एशिया-प्यासेफिक नेटवर्क अफ एक्वाकल्चर सेन्टर ( नाका ) सचिवालय
सरस्वतीभवन
मत्स्य विभाग परिसर
केसेटसार्ट विश्वविद्यालय
लाड्यो जाटुनेक बैंकक १०९०३
थाइल्याण्ड

**सम्पादक मण्डल :**

काथ कोप्ले - स्ट्रिम संचार विशेषज्ञ
ग्राम हेलर -स्ट्रिम निर्देशक
लि थान्ह ल्यू-स्ट्रिम राष्ट्रिय कोओर्डिनेटर, भियतनाम
विलियम स्याभेज - स्ट्रिम संचार विशेषज्ञ
थाय सिमोनी- स्ट्रिम राष्ट्रिय कोओर्डिनेटर, कम्वोडिया
सोनिअ सेभिल्ली - स्ट्रिम राष्ट्रिय कोओर्डिनेटर, फिलिपिन्स

## उद्देश्यः

यो स्ट्रिम जर्नल जलचर श्रोतको उपयोग गरि आफनो जीवन पद्दति चलाइरहेका एशिया प्रशान्त क्षेत्रका गरीवहरुलाई प्रभावित गर्ने सहभागीता, संचार र नीतिहरुको प्रवर्द्धन गर्ने उद्देश्यले त्रैमासिक रुपमा प्रकाशित भैरहेको छ। यसको अर्को उद्देश्य यस क्षेत्रमा जलचर श्रोत व्यवस्थापन र अन्य क्षेत्र वीचमा अन्तर सम्बन्ध कायम गराउने हो। स्ट्रिम जर्नलले सिमित श्रोतहरु भएका विशेष गरि जलचर श्रोत व्यवस्थापनसंग जीवन पद्दति गाँसिएका जनतासंग सम्बन्धीत मुद्दाहरु रस मुदायमा कार्यरत सरकारी, गैह्रसरकारी र अन्तराष्ट्रिय कार्यकर्ताहरुसंग काम गर्ने मुद्दाहरुलाई समेटदछ। यस्ता मुद्दाहरुमा सिकाई, द्वन्द्ध व्यवस्थापन, कानुनी व्यवस्था, जीवन पद्दति, लैङ्गिक, सहभागिता, सरोकारवालाहरु र संचार रहेका छन्।
यसको अर्को महत्वपूर्ण उद्देश्यमा शैक्षिक क्षेत्रमा उपयोगी सामाग्रीहरु जुन क्षेत्रगत विषय विशेषज्ञहरुद्वारा तयार गरिएका हुन्छन्, लाई समेटनु पनि हो। यसले कुनै संघ संस्थाको अवधारणलाई भन्दा व्यक्तिगत अनुभवमा तयार गरिएका धारणाहरुलाई प्राथमिकता दिई समेटदछ। यसमा छापिने लेखहरुको विषय बस्तुको जिम्मेवारी लेखकको भए पनि त्यसमा सम्पादक समूहले केही हेरफेर र सुधार गर्न सक्दछ।

## वितरणः

स्ट्रिम जर्नल तिन रुपमा पाठकहरु समक्ष पुग्दछ :
१. इलेक्ट्रोनिक रुपमा जसलाई स्ट्रिमका संचार केन्द्रहरुले छपाई गरि वितरण गर्न सक्छन्
२. स्ट्रिम वेवसाइट www.streaminitiative.org बाट डाउनलोड गरि हेर्न सकिने
३. छापिएको अवस्थामा नाकाको सचिवालयबाट वितरण गरिने

## योगदान :

जलचर श्रोतहरुको उपयोग कर्ता र उनीहरुसंग काम गर्नेहरुले आ-आफना लेखहरु पठाएर यस जर्नलमा योगदान गर्न सक्नु हुन्छ। त्यसै गरि समुदायमा कार्यरत समकक्षी संघ संस्थाका साथीहरुलाई पनि आ-आफना लेखहरु पठाई सहयोग र योगदान गर्नु हुन अनुरोध गरिन्छ।

लेखहरु साधारण अग्रेजी भाषामा एक हजार शब्दमा नबढाई लेखिएको हुनु पर्दछ।
लेखहरु यस जर्नलका सम्पादक विलियम साभेजलाई इमेल savage@loxinfo.co.th मा पठाउन सकिन्छ।

## बढी जानकारीका लागि सम्पर्क :

**ग्राम हेलर ( Graham Haylor) -स्ट्रिम निर्देशक**
**इमेल : ghaylor@loxinfo.co.th**

# स्ट्रिम वारे

क्षेत्रीय जलचर श्रोतहरुको व्यवस्थापनमा सहयोग (स्ट्रिम)को नेतृत्ववदायी कार्यको प्रारम्भ जलचर श्रोतहरुको संजाल केन्द्र, एशिया प्रशान्त क्षेत्रको निश्चित पाँच बर्षे कार्यक्रम चक्र भित्र रही कार्य गर्ने गरि गरिएको हो ।यसका मुख्य उद्देश्यहरु जलचर क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरुलाई निम्न कार्यहरुमा सहयोग पुऱ्याउनु हो ।

- भैरहेका र प्राप्त हुने सूचनाहरुको बढी शशक्त रुपमा उपयोग गर्न
- गरीव जनताको जीवन निवार्ह पद्दतिलाई राम्रोसंग बुझ्न र
- गरीव जनतालाई उनीहरुको जीवन निवार्ह पद्दतिमा प्रभाव पार्ने नीति र बिकास प्रक्रियाहरुमा बढी सहभागी हुनु र प्रभाव पार्न सहयोग पुऱ्याउन

नीति र प्रक्रिया बिकासमा संलग्न संस्थाहरुलाई सहयोग र उनीहरुको निम्न कार्य गर्न क्षमता अभिबृद्धि गरि स्ट्रिमले यी माथिका उद्देश्यहरु पूर्ति गर्दछ ।

- गरीव जनताको जीवन पद्दतिमा प्रभाव पार्ने जलचर श्रोतहरुको व्यवस्थापनका मुद्दाहरु पहिचान गर्न
- विभिन्न व्यवस्थापन पद्दतिहरुको अनुगमन र मुल्यांकन गर्न
- सूचना र जानकारीहरु बढाउन र
- सोही क्षेत्र र अन्तर क्षेत्र र देशहरु वीच सूचना संजालको निमार्ण गर्न

नाका (*NACA*)लाई सहयोग गरिरहेका विभिन्न सहयोगी (AusAID, DFID, FAO, VSO) हरुको सहयोगमा नै स्ट्रिमको गतिविधिहरु संचालित भैरहेका छन् ।यसले अपनाएको पद्दतिमा जलचर श्रोतहरुको व्यवस्थापनमा संलग्न सरोकारवालाहरु वीचमा सम्बन्ध कायम गराउने र उनीहरुलाई स्ट्रिमले चाहे जस्तो कार्य तर्जुमा, कार्यान्वियन र व्यवस्थापनमा गर्नमा सहयोग अभिबृद्धि गर्ने रहेकोछ ।

स्ट्रिमले कार्य गरेका देशहरुमा साझेदारहरुको कार्यको समन्वय राष्ट्रिय समन्वय दल, जसमा त्यहाँको सरकारले स्विकार गरेका एक जना सिनियर अफिसर राष्ट्रिय समन्वय कर्ता र संचार केन्द्र व्यवस्थापक हुन्छन्, ले गर्दछ र यसले स्थानीय सरोकारवालाहरुसंग पनि सम्बन्ध कायम गर्दछ । संचार केन्द्रका लागि आवश्यक सामाग्रीहरु, सफटवायर, तालिम सूचना प्रविधि सहयोग, संजाल निमार्ण, मानवीय संसाधन विकास र इन्टरनेटमा आधारित क्षेत्रीय संजाल भित्रका राष्ट्रिय सरोकारवालाहरुसंग अन्तरसम्बनध कायम गर्न सहयोग गरिन्छ ।

राष्ट्रिय समन्वय दलले हरेक वर्ष राष्ट्रिय सरोकारवालाहरुसंग परामर्श गरि तयार गरेको राष्ट्रिय रणनीति पत्रको पुर्नः मुल्यांकन गर्दछ र आवश्यक परिमार्जन गर्दछ । राष्ट्रिय रणनीति पत्रले मुख्य मुद्दाहरु पहिचान गर्ने, क्षेत्रीय सम्बन्धलाई प्रकाश पार्ने, उद्देश्यहरु र मुख्य गतिविधिहरुमा प्राथमिकता दिने र स्ट्रिम र वाह्य श्रोतहरुबाट कोष जुटाउने कार्यमा सहयोग गर्दछ ।

स्ट्रिमको क्षेत्रीय कार्यालय, जुन नाकाको सचिवालय बैंककमा रहेको छ, ले क्षेत्रीय समन्वयको काम गर्दछ । यसका साथै कोष व्यवस्थापन र जीवन पद्दति, नीति निमार्ण, संचार र अन्य विशेष मुद्दाहरु वारे एक आपसमा अध्ययन र व्यवस्थापन गर्दछ । संचारले अन्तरक्रिया, अनुभवबाट सिकाई र साझेदारहरुका गतिविधि सम्बन्धमा सम्पर्क कायम गराउदछ ।

स्ट्रिमको कार्यान्वयन चाही गर्दै सिक्दै गर्ने प्रक्रिया अन्तरगत प्रथम चरणमा कम्वोडिया र भियतनाममा लागु गरिएको छ । यसको विस्तार चाँही गरीवी निवारण लागि कार्य गर्न सकिने उपयुक्त अवस्था भएका एशिया–प्रशान्त क्षेत्रका देशहरुमा गरिन्छ । ती क्षेत्रमा हासिल हुने अनुभव, सिकिने पाठ, प्रभावको प्रदर्शन र थप कोषको व्यवस्था अनुसार सुशासनलाई प्रोत्साहन हुने गरि कार्य गरिने छ । स्ट्रिमको संचार रणनीतिको उद्देश्य वर्तमान ज्ञान र विशेषज्ञताको परिवर्तित प्रक्रिया अनुसार क्षेत्रीय स्तरमा आदन प्रदान गराउने, अनुभवहरु साटासाट गर्ने र एशिया प्रशान्त क्षेत्रमा यसका प्रभावलाई विस्तार गर्ने रहेको छ । स्ट्रिम जर्नल र वेबसाइटमा भएको छलफल मञ्च नै यो रणनीतिलाई सहयोग गर्ने मुख्य अंग हुन् ।

### स्ट्रिम राष्ट्रिय संचार केन्द्र व्यवस्थापकहरु


कम्वोडिया- सिम भिऱ्याक ( cfdo@camnet.com.kh)
भियतनाम - नग्यूएन सोङ्ग हा ( nguyensongha@fpt.vn)
फिलिपिन्स - इलिजावेथ गोन्जालेस (streambfar-phil@skyinet.net)
म्यानमार - खिन मुङ सोए (DOF@mptmail.net.com)
नेपाल - निलकण्ठ पोखरेल (agroinfo@wlonk.com.np)
भारत - रुबु मुर्खजी (streamindia@sancharnet.in)
इन्डोनेसिया- अनिजा सुस्पीता (indostream@perikanan-budidaya.go.id)
युनान चिन- सुसान ली (YNYYCN@KM169.net, blueseven@mail.china.com)